एक मुस्लिमको अर्को मुस्लिममाथि पाँच अधिकारहरू छन्; सलाम (अभिवादन) को जवाफ फर्काउने, बिरामीलाई (हालखबर लिन) भेट्न जाने, जनाजा (अन्त्येष्टि) मा सहभागी हुने, निमन्त्रणा स्वीकार गर्ने र हाछ्युँ गर्नेलाई जवाफ1 दिने ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नु भयो : "एक मुस्लिमको अर्को मुस्लिममाथि पाँच अधिकारहरू छन्; सलाम (अभिवादन)
को जवाफ फर्काउने, बिरामीलाई (हालखबर लिन) भेट्न जाने, जनाजा (अन्त्येष्टि) मा सहभागी हुने, निमन्त्रणा स्वीकार गर्ने र हाछ्युँ गर्नेलाई जवाफ1 दिने ।" [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एक मुस्लिमको अर्को मुस्लिमप्रति हुने केही अधिकारहरूको व्याख्या गर्नु भयो । पहिलो अधिकार : सलाम गर्ने व्यक्तिको सलामको जवाफ दिनु हो। दोस्रो अधिकार: बिरामीलाई भेट्नु र उसको स्वास्थ्य अवस्था जान्नु हो। तेस्रो अधिकार: अन्त्येष्टिक्रिया को लागि मृतकलाई उसको घरबाट जनाजा पढ्ने ठाउँ हुदै चिहानसम्म लैजानु र चिहानमा नपुरिए सम्म नफर्किनु । चौथो अधिकार: निमन्त्रणा स्वीकार गर्ने, जस्तैः वलीमा (विवाह भोज) आदिको निमन्त्रणा स्वीकार गर्ने हो। पाँचौं अधिकार: हाछ्युँको जवाफ दिनु । अर्थात्, जब कुनै व्यक्तिले हाछ्युँ गर्दा ‘अल-हम्दु लिल्लाह’ भन्छ, तब जवाफमा उसले ‘यर-हमुकल्लाह’ भन्नुपर्छ, जसको जवाफमा हाछ्युँ गर्ने व्यक्तिले ‘यहदीकुमुल्लाह व युस्लिहु बालकुम’ भन्नुपर्छ ।

https://sunnah.global/hadeeth/ne/show/3706